

के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १ गते मंगलबार ❑ 17 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'पत्रकारका समस्या प्रेस रजिष्ट्रार मार्फत समाधान खोजिने'

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रेस रजिष्ट्रार नियुक्त गरेसँगै अब गण्डकी प्रदेशमा कार्यरत सञ्चारकर्मीका समस्याको समाधान प्रेस रजिष्ट्रारबाट खोजिने बताउनुभएको छ ।

गण्डकी प्रदेश मन्त्रिपरिषद् बैठकले केही दिन अघि मात्र बिमला भण्डारीलाई सञ्चार रजिष्ट्रारमा नियुक्त गरेसँगै सोमबार भण्डारीलाई सपथग्रहण गराइएको छ । गण्डकी प्रदेशमा लामो समयदेखि पारित नभएको आम सञ्चार विधेयक पारित भएसँगै सञ्चारकर्मी भण्डारीलाई प्रेस रजिष्ट्रारमा नियुक्त गरिएको हो । पत्रकारिता क्षेत्रमा हुने जस अपजस अब आफूले लिनु नपर्ने बताउँदै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशको सञ्चार क्षेत्र अब यहाँको आम सञ्चार विधेयकले बनाएका ऐन नियमअनुसार हुने बताउनुभयो ।



पत्रकारिताले लोकतन्त्रलाई बलियो बनाउने बताउँदै उहाँले सङ्घीय सरकारलाई बलियो बनाउन पत्रकारिताको भूमिका महत्वपूर्ण रहने बताउनुभयो ।

प्रेस रजिष्ट्रार बिमला भण्डारीले पत्रकारिता क्षेत्रबाट गण्डकी प्रदेशको प्रेस रजिष्ट्रार नियुक्त भएकाले आफूले ऐन कानुनमा रही पत्रकारको हक हितमा काम गर्ने प्रतिबद्धता जनाउनुभयो । पदभार ग्रहण गर्दै अध्यक्ष भण्डारीले प्रदेशको आम संचारको पक्षमा र पत्रकारहरुको हकहितको लागि नेपालको संविधानले दिएको अधिकारको आधारमा जिम्मेवार भएर काम गर्ने बताउनु भयो । कानूनलाई पालना गरी धेरै ऐन कानूनहरु बनाउनु पर्ने भएकोले अवसर र चुनौती उत्तिकै भएको उहाँको भनाई थियो ।

गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले भण्डारीलाई रजिस्टारमा नियुक्त गर्ने निर्णय गरेको थियो । नेपाल पत्रकार महासंघ कास्कीकी अध्यक्ष समेत रहनु भएको भण्डारी ४ वर्षका लागि गण्डकीको प्रेस रजिस्टार हुनु भएको हो ।

गण्डकीको पहिलो प्रेस रजिष्टार नियुक्तिका लागि सरकारले गत १६ साउनमा १५ दिनको म्याद दिएर सार्वजनिक सूचना मार्फत दरखास्त आह्वान गरेकोमा ५ जनाको मात्र आवेदन परेको थियो । भण्डारी सहित भरत कोइराला, दुर्गा अधिकारी, भानु पराजुली र सरिता तिम्सिना पंगेनीले आवेदन दिनु भएको थियो ।

उम्मेदवारको केही दिनअघि व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणसँगै अन्तर्वार्ता भएको थियो । आर्थिक मामिला मन्त्री एवं सरकारका प्रवक्ता डा. टकराज गुरुङको संयोजकत्वमा गठित ३ सदस्यीय छनोट समितिमा विज्ञ सदस्यको रुपमा अग्रज पत्रकार रवीन्द्र बाँस्तोला समेत रहनु भएको थियो । गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० बमोजिम आगामी ४ वर्षका लागि प्रेस रजिष्ट्रार नियुक्ति गरिएको हो ।

कानुनमा प्रेस रजिष्ट्रारका लागि ३५ वर्ष पूरा भई ६० वर्ष ननाघेको, मान्यता प्राप्त विश्वविद्यालयबाट पत्रकारिता, आमसञ्चार, सूचना प्रविधि र कानूनमध्ये कुनै एक विषयमा स्नातकोत्तर तह हासिल गरेको, पत्रकारिता, आमसञ्चार, सूचना प्रविधि र कानूनमध्ये कुनै एक विषयमा कम्तीमा १५ वर्षको अनुभव भएको लगायत योग्यता निर्धारण गरिएको थियो ।

## कास्कीमा डेङ्गीबाट तीनको मृत्यु, ३७ सयबढी सङ्क्रमित

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

कास्कीमा डेङ्गी सङ्क्रणबाट तीनजनाको मृत्यु भएको छ । पोखरा महानगरपालिका-५ का ५२ वर्षीया महिला, १२ का ४० वर्षीय र १० का ८० वर्षीय पुरुषको मृत्य भएको स्वास्थ्य कार्यालयले जनाएको छ । कार्यालयका भेक्टर कन्ट्रोल अधिकृत याम बरालकानुसार गत जनवरियता जिल्लाका तीन हजार सात सय ६८ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ ।

आइतबारसम्ममा सबैभन्दा बढी पोखरा महानगरपालिकामा तीन हजार एक सय ११, अन्नपूर्ण गाउँपालिकामा २३, माछापुछ्रे गाउँपालिकामा ४०, मादी गाउँपालिकामा १० र रुपा गाउँपालिकामा १३ जनामा डेङ्गी सङ्क्रमण देखिएको हो । यस्तै अन्य जिल्लाका दुई सय ६३ र ठेगाना नखुलेका तीन सय आठ गरी कास्कीमा कूल तीन हजार सात सय ६८ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको हो । पोखरा महानगरपालिका वडा नं ५ र ८ लगायतका वडा डेङ्गीको प्रकोपबाट बढी प्रभावित भएको भेक्टर कन्ट्रोल अधिकृत बरालले बताउनुभयो । जनघनत्व बढी भएका ठाउँमा सङ्क्रमण छिटो फैलने हुँदा पोखरा डेङ्गीको 'हट स्पट' बनिरहेको उहाँको भनाइ छ । स्वास्थ्य कार्यालयले डेङ्गीको उपचारका क्रममा पोखराका अस्पतालमा ज्यान गुमाउनेमा अन्य जिल्लाका सङ्क्रमितसमेत रहेको जनाएको छ । सङ्क्रमण तीव्र बन्दै जाँदा उक्त रोग सङ्क्रमणबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सक तथा स्वास्थ्यकर्मीले सुझाएका छन् । स्वास्थ्य कार्यालय प्रमुख रामबहादुर नेपालीले सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुन सक्ने भएकाले रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्न आग्रह गर्नुभयो ।

पछिल्लो तीन महिनामा डेङ्गी सङ्क्रमणको दर ह्वात्तै बढेको र अब समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके महामारीको रूप लिनसक्ने प्रमुख नेपालीले बताउनुभयो । "डेङ्गीलाई सामान्य रूपले नसोचौँ, यसका अप्रिय उदाहरण हामीसँग छन्", उहाँले भन्नुभयो, "सङ्क्रमणपछि उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै बिरामीको मृत्युसमेत हुनसक्छ । यसैले डेङ्गी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्छ ।" धवलागिरि उपप्रादेशिक अस्पतालका प्रमुख डा रविरञ्जन प्रधानले डेङ्गी सङ्क्रमण हुँदैमा आत्तिहाल्नु नपर्ने बताउनुभयो । डेङ्गी सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान जस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्न उहाँले आग्रह गर्नुभयो ।

डेङ्गी भएमा आराम गर्ने, पानीलगायत झोलिलो पदार्थ प्रशस्त पिउने र जथाभावी औषधि सेवन गर्न नहुने डा प्रधानले बताउनुभयो । ज्येष्ठ नागरिक, दीर्घरोगी, गर्भवती र बालबालिकामा डेङ्गीको सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने उहाँको भनाइ छ । "अधिकांश सङ्क्रमित सामान्य उपचार र हेरचाहपछि निको हुन्छन्, कतिपयमा डेङ्गीले जटिलता ल्याउन सक्छ । त्यसैले सामान्य रोग हो भन्ने सोचेर लापरबाही गरेमा ज्यानै जोखिममा पर्न सक्छ", उहाँले भन्नुभयो ।

## सेतीनदी माथिको पुल निमार्णको काम ठप्प

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

पृथ्वीराजमार्ग अर्न्तगत पर्ने पोखरा पृथ्बीचोक क्षेत्र (चाइनापुल) नजिक सेतीनदी माथि निर्माण हुदै गरेको दुई वटा पुलहरु मध्य माथिल्लो पट्टि निर्माण हुदै गरेको पुलको काम पुनः दुई महिना देखि ठप्प भएको छ ।

हाल उक्त क्षेत्रमा स्थानीयको अबरोधका कारण विगत दुई महिनादेखि जग खन्ने काम नै अघि बढ्न नसकेको रसुवा कन्स्ट्रक्सन प्रा.ली.का प्रतिनिधि सुदर्शन देवकोटाले बताए ।

माथिल्लो पुलको बायाँ साइडमा जग खन्ने क्रममा रोयल कार वास सहितको स्थानियको अबरोधका कारण आफुहरुले विगत दुई महिनादेखि सो क्षेत्रमा काम गर्न नसकेको, मेसिन थन्केर बसेको कामदारलाई काममा लगाउन नसकिएको जसले गर्दा उक्त योजना समयमै सक्न कठिन हुन सक्ने उनले गुनासो गरे । स्थानीयको घर आगनमै उक्त पुल निर्माण हुने भए पछि स्थानीयले निकास दिन माग गर्दै आएका छन् । पोखरा मुग्लिङ सडकखण्ड पश्चिम खण्ड परियोजनाले उक्त क्षेत्रको साइड क्लियर गर्न नसक्दा आफुहरुले चाहेर पनि निर्धारित समयमा उक्त परियोजना सम्पन्न गर्न कठिन हुन सक्ने प्रतिनिधि देवकोटाले जनाए । परामर्शदाता समक्ष आफुहरुले काम गर्न नसकेको कुरा जानकारी गराउदा हालसम्म कुनै सुनुवाई नभएको उनले गुनासो गरे ।

तल्लो पुलको जग हाल्ने कार्य सहित हालसम्म ५० प्रतिशत निर्माण कार्य सम्पन्न भएको देवकोटाले दाबी गरे । अब उक्त पुलमा सुपरस्टक्चरको काम बाँकी रहेको बताउदै प्रतिनिधि देवकोटाले माथिल्लो पुलको करिब १० प्रतिशत मात्र निर्माण कार्य भएको जनाए । माथिल्लो पुलको दाया साइडमा भने जग खन्ने काम सम्पन्न भएको उनले जनाए । तल्लो पुलमा अब सेतीनदीको खोँचमा टेका लगाउने, बिम, स्ल्याप हाल्ने तयारी भएको छ भने माथिल्लो भागको बायाँ साइडमा भने काम प्रभावित भएको उनले जनाए । अझै पनि २ सय ५० मिटर वारी पारी विद्युत पोलहरु नहटउदा अर्को समस्या भएको निर्माण कम्पनीले जनाएको छ । सम्पन्न भएको ४ दिन अघि देखि माथिल्लो पुलको निर्माण कार्य गर्ने योजनामा रहे पनि हाल आफुहरु अन्यौलमा परेको उनले जनाए । खानेपानी र बिद्युत कार्यालयले समयमै उक्त क्षेत्रमा पर्ने पाइप तथा पोलहरु व्यबस्थापन गर्न नसक्दा आफुहरुको काम प्रभावित भएको उनले गुनासो गरे । पोखराको सेतीनदी माथि दुई वटा पुलहरु सेप्टेम्बर २५, २०२५ मा निर्माण गर्ने गरी कम्पनीले सम्झौता गरेको हो । रसुवा कन्स्ट्रक्सन कम्पनीले १ अर्ब ७ करोड २४ लाख २६ हजार ५ सय रुपैयाँ (भ्याट सहित) निर्माण गर्न लागेको हो । पोखराको चाइना पुलसंगै निर्माण हुन लागेको पुल निर्माणमा केही समय देखि समस्या भएकोले त्यसको समाधानको लागि आवश्यक पहल गर्न लागेको मुग्लिङ पोखरा (पश्चिम) सडक खण्ड कार्यालयका ई.नारायण पौडेलले बताए । रोयल कार वास सहित स्थानियहरुले आफुहरुको पसलको अगाडी सवारी साधन आवाज जावात गर्न नमिल्ने गरी पुलको जग्ग खन्दै गर्दा स्थानियले बिरोध जनाए पछि उक्त काम हाल स्थगित भएको उनले जनाए । अबको केही दिनमा उक्त समस्या समाधान हुने गरी आफुहरुले पहल गर्दै गरेको उनले बताए । केही समय अघि पनि पुल निर्माणको क्रममा बिद्युत तथा खानेपानीका पाइपहरु व्यबस्थापन गर्न नसक्दा समस्या उत्पन्न भएको थियो ।


## ६७ जना सशस्त्र प्रहरी सहायक निरीक्षक दीक्षित

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

सशस्त्र प्रहरी बल नेपाल, हुल तथा दङ्गा व्यवस्थापन तालिम शिक्षालय लामापाटन पोखराद्वारा सोमबार आयोजित सिसं १६ (ख) सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिमको दीक्षान्त समारोहमा ६७ जना दीक्षित भएका छन् ।

४७ हप्तासम्म सञ्चालित तालिमबाट दीक्षित सशस्त्र प्रहरी सहायक निरीक्षकहरूलाई सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले विशेष समारोहका बीच शपथग्रहण गराउनुभएको थियो । महानिरीक्षक अर्यालले इमान्दारिता, जिम्मेवारिता र कर्तव्यनिष्ठताका साथ तालिममा हासिल गरेको ज्ञानलाई राष्ट्र र जनताको सुरक्षामा लगाउन आग्रह गर्नुभयो । सशस्त्र प्रहरी बलले शान्ति सुरक्षासँगै सीमा सुरक्षा, विपद् व्यवस्थापन लगायतमा कुशलतापूर्वक आफ्नो जिम्मेवारितालाई निर्वाह गरिरहेको उहाँले बताउनुभयो । आफ्ना कुशल, इमानदार, सीप र क्षमतावान् सन्ततीलाई मुलुकप्रति समर्पण गरेको भन्दै उहाँले अभिभावकप्रति आभार व्यक्त गर्नुभयो । सशस्त्र प्रहरी बल प्रतिष्ठानका प्रहरी नायव महानिरीक्षक कमल गिरीले तालिमका सिकाइलाई कर्तव्य परायणता एवं बफादारिताका साथ व्यवहारमा उतार्न आग्रह गर्नुभयो । तालिम शिक्षालयका समादेशक एवं सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुधीरजङ्ग थापाले आधारभूत तालिमको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## संविधान दिवसका अवसरमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

संविधान दिवसको अवसरमा सोमबार पोखराको फेवातालमा सरसफाइ गरिएको छ ।

कास्कीस्थित जिल्ला प्रशासन कार्यालय, कर्मचारी मिलन केन्द्र, नागरिक समाज, पोखरा महानगरपालिकाको संयुक्त संयोजनमा पोखराको फिर्के खोला मिसिएको फेवाताल किनारा एवं ड्यामसाइड क्षेत्रमा सरसफाइ गरिएको हो । सरसफाइमा सबै सुरक्षा निकाय, नगर प्रहरी, सरकारी कर्मचारी र नागरिक समाजको उपस्थिति रहेको थियो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संविधान दिवसका अवसरमा प्रदेशस्तरमा विभिन्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

फेवाताल यहाँको मुख्य सम्पदा भएको बताउँदै उहाँले फेवातालले छिट्टै आफ्नो आकार पाउने विश्वास व्यक्त गर्नुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले संविधान दिवसका अवसरमा फेवातालको सरसफाइ आयोजना गरिएको बताउँदै यसको संरक्षण सबैको दायित्व भएको बताउनुभयो ।

कर्मचारी मिलन केन्द्रका अध्यक्ष लोकनाथ आचार्यले केन्द्रका तर्फबाट हरेक महिनाको एक दिन पोखराका सम्पदास्थल सरसफाइ गरिएको बताउँदै संविधान दिवसको अवसरमा सरसफाइ कार्यक्रम फेवातालमा केन्द्रित गरिएको जानकारी दिनुभयो ।

नागरिक समाज कास्कीका संयोजक रामबहादुर पौडेलले पोखराको गौरव फेवातालको संरक्षणका लागि राज्यको ध्यान पुग्नु जरुरी भएको बताउनुभयो । फिर्के खोलाबाट फेवातालमा फोहर नआउने गरी व्यवस्थापन गर्नु जरुरी रहेको उहाँको भनाइ छ । संविधान दिवस असोज ३ गते मनाउने गरिन्छ ।

# नेपाल पत्रकार महासंघ कास्कीमा पत्रकार महिलाका लागि पुरस्कार स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

नेपाल पत्रकार महासंघ कास्कीले पत्रकार महिलाका निम्ति पुरस्कार स्थापना गरेको छ। पोखराका वरिष्ठ उद्योगपति, समाजसेवी एवं पूर्व मन्त्री हरि पाण्डेले उक्त पुरस्कारका लागि पाँच लाख रुपैयाँको अक्षयकोष स्थापना गरिदिएका हुन्।

महासंघ कास्की शाखाले संचालन गर्ने गरी मातृसेवा प्रतिष्ठान नेपालले 'डा. शान्ति स्मृति महिला पत्रकारिता पुरस्कार' कास्कीमा क्रियाशील पत्रकार महिलालाई वितरण गरिनेछ। यसबारे पत्रकार महासंघ कास्कीको आइतबार बसेको कार्यसमिति बैठकले निर्णय गरेको हो । पुरस्कार स्थापनबारे छिट्टै एक कार्यक्रम गरी घोषणा गरिने जनाइएको छ।

हरि पाण्डे र उनकी धर्मपत्नी तुलसा पाण्डेकी साहिली सुपुत्री डा. शान्तिको २०६१ सालमा पोखरामा स्कुटर दुर्घटनामा मृत्यु भएको थियो । पाण्डे दम्पतीको आफ्नी छोरीको स्मृतिमा प्राविधिक विषयमा उच्च शिक्षा पढ्न महिलाका लागि विभिन्न छात्रवृत्ति समेत वितरण गर्दै आएको छ। महासंघ कास्की अध्यक्ष विमला भण्डारी नेतृत्वको टिमले पुरस्कार स्थापनाका लागि पाण्डेसँग प्रस्ताव गरेको थियो । पत्रकार महासंघ कास्की शाखाले बर्सेनि वितरण गर्ने करिब एक दर्जन पुरस्कारमा महिलाका लागि मात्र भनेर यसअघि कुनै पनि पुरस्कार थिएनन्।

मिडिया क्षेत्रमा पत्रकार महिलाको संख्या कम्ती रहेको र यस क्षेत्रमा उनीहरुलाई टिकाइराख्न पुरस्कारले प्रोत्साहन मिल्ने अध्यक्ष भण्डारीले बताइन्। आफ्नो कार्यकाल समाप्ति हुँदै गर्दा कम्तीमा पत्रकार महिलाका लागि पुरस्कार स्थापना हुनु गर्वको विषय भएको उनको भनाइ छ । हाल ५ लाख बराबरको अक्षयकोष स्थापना गरी हरेक वर्ष २५ हजार ५ सय ५५ रुपैयाँ राशिको पुरस्कार वितरण गरिने महासंघ कास्कीले जनाएको छ। कास्की जिल्लालाई कार्यक्षेत्र बनाई पत्रकार महासंघको सदस्य प्राप्त गरेको कम्तीमा १० वर्ष वा पत्रकारिता पेसामा १२ वर्षसम्म क्रियाशील पत्रकार महिलाले यो पुरस्कार प्राप्त गर्ने छन् । जसमा पत्रकारिता माध्यमबाट महिला सशक्तीकरण र स्वास्थ्य क्षेत्रमा योगदान गरेको व्यक्तिलाई योग्य ठानिने प्रारम्भिक कार्यविधि छ।

उक्त पुरस्कार महासंघ स्थापना दिवस १६ चैत वा शान्ति पाण्डेको स्मृति दिवसमा एक समारोह आयोजना गरी वितरण गरिनेछ। महासंघ कास्कीले वितरण गर्ने जगन्नाथ सिग्देल युवा पत्रकारिका पुरस्कारको अक्षयकोष राशिमा ५ लाख रकम थप गर्ने निर्णय भएको छ । यसअघि ५ लाख रुपैयाँ रहेकोमा बढेर १० लाख पुगेको छ।

# बालदिवसमा स्याङ्जामा पञ्चेबाजा प्रतियोगिता

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ३१ भदौं



सामाजिक विकास कार्यालय स्याङ्जाले पञ्चेबाजा प्रतियोगिताको आयोजना गरेर बालदिवस मनाएको छ । ६० औं बाल दिवसका अवसरमा बालबालिका समूहको जिल्लास्तरीय पञ्चेबाजा प्रतियोगिता आयोजना गरेर मनाइएको हो।

जिल्ला सदरमुकामस्थित त्रिभुवन आदर्श माविको प्राङ्गणमा पञ्चेबाजा प्रतियोगिता आयोजना गरिरहदा कतै विवाह, उत्सव जस्तै महशुष गरिएको थियो। 'बालबालिकामा लगानी, सुनिश्चित भबिष्यको थालनी' भन्ने नारा सहित स्याङ्जामा ११ ओटै पालिका भित्रका विद्यालयहरुलाई पञ्चेबाजा प्रतियोगितामा सहभागी गराइएको थियो । पुराना पुस्तामा रहेको परम्परागत सीप नयाँ पुस्तामा पुस्तान्तरण गर्नका लागि यस प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ यो प्रतियोगिता आयोजना गरिएको सामाजिक विकास कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले बताए । सीपको पुस्तान्तरणसँगै हाम्रो संस्कार संस्कृतिको संरक्षण गर्न यो प्रतियोगिता उपयोगी हुने विश्वास उनको थियो । समाजमा हुने उत्सव, विवाह र चाडपर्वमा पञ्चेबाजाको प्रयोगले बालबालिकाको आयआर्जनमा पनि सहयोग पुग्ने कार्यालयले जनाएको छ। विद्यालयस्तरबाट हाम्रो संस्कार संस्कृति तथा बाजागाजाको संरक्षण गर्नका लागि जोड दिने उद्देश्यले बालबालिकामाझ प्रतियोगिता आयोजना गरिएको हो । कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत बालबालिकाको समूह, टोल, बालक्लब, वडा कार्यालय, पालिकास्तरीय जुनसुकै पनि समूह भाग लिन पाउने व्यवस्था मिलाइएको भएपनि प्रतियोगितामा अधिकांश विद्यालयका बालवालिका सहभागी भएका थिए । यो प्रतियोगिता सम्पन्न गर्न सामाजिक विकास कार्यालयले एक महिनादेखी जिल्लाका ११ ओटै पालिकाहरु सगँ समन्वय गरेको थियो। विद्यार्थीलाई पढाईमा मात्रै नभएर उनीहरुको प्रतिभाको पनि खोजी गरी आयआर्जनमा जोड्न प्रतियोगिताले टेवा पुग्ने आयोजकले जनाएको छ। प्रतियोगितामा १२ विद्यालयका बालवालिकाहरुले प्रतियोगितामा सहभागी जनाएका थिए। प्रतियोगितामा कालीगण्डकी गाउँपालिकाको जनता माध्यमिक विद्यालय प्रथम, आँधीखोला गाउँपालिकाको जनहित मावि दोस्रो, सोही गाउँपालिकाको त्रि–शहिद मावि तेस्रो भएका थिए। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने समूहलाई क्रमशः ६ हजार, ५ हजार र ४ हजार नगदसहित प्रमाणपत्रले स्याङ्जाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले सम्मान गरेकी थिइन् । यो प्रतियोगिताले नेपाल र नेपालीको संस्कृतिको रुपमा रहेको पञ्चेबाजा संरक्षणमा महत्वपुर्ण भुमिका खेलेको प्रजिअ नेपालले बताइन्। संस्कार संस्कृतिको जर्गेना र संरक्षणमा सबै नेपालीको भुमिका रहने हुँदा पुराना संस्कृतिलाई जोगाइराख्न तिनै तहका सरकारहरु सक्रिय हुनुपर्ने सुझाव प्रजिअ नेपालको छ। पछिल्लो समय नेपाली लोक बाजाको संरक्षण नभईरहेको बेला बिद्यालय स्तरमा गराइएको यो प्रतिस्पर्धाले जिल्लामा पञ्चेवाजा संगै सस्कृतिको समेत संरक्षण हुने देखिन्छ। यो सबै तह र तप्कामा हुनु जरुरी छ।

# प्रथम पर्वतीय दौडमा खेलाडीले अनलाइनबाटै दर्ता गर्न सक्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

पोखरामा आउँदो असोज १२ गते हुने 'प्रथम पर्वतीय दौड प्रतियोगिता-२०८१' मा सहभागि हुने प्रतियोगिहरुले अनलाइनबाटै फारम भरी दर्ता गर्न सक्ने भएका छन्।

पोखरा वडा-२२ सहित समग्र पोखराको खेलपर्यटन माध्यमबाट प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा क्लिक प्रा.लि. आयोजना गर्न लागेको उक्त पर्वतीय दौडमा सहभागिताको लागि भदौ ३० देखि असोज ८ गतेसम्म स्वदेशी तथा विदेशी खेलाडीहरुले दर्ता गर्न सक्ने भएको प्रा.लि.ले जनाएको छ । खेलाडीहरुको बिमा देखि उहाँहरुलाई प्रोत्साहन गर्न स्थानियले भव्य स्वागत गर्ने भएका छन् । 'खेलपर्यटन प्रवर्द्धनमा पुम्दी-भुम्दी पर्वतीय दौड' नाराका साथ हुने ८ किलोमिटरको दौड प्रतियोगितामा सहभागिहरुले आफ्नो परिचय सहितको ठेगना खुल्ने गरी अनलाइनबाटै फारम भर्न सक्ने व्यबस्था मिलाएको पोखरा क्लिक प्रालि अध्यक्ष एवं प्रतियोगिता संयोजक दीननाथ बरालले बताए। पोखरा वडा २२ सँगै खेलकुदमार्फत समग्र पोखराको आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनका लागि प्रतियोगिता आयोजना गर्न लागिएको उनको भनाई छ। पोखरा २२ पुम्दी-भुम्दीमा मानवनिर्मित विश्व शान्ति स्तुप, पुम्दीकोट विशाल महादेवको मूर्ति तथा बुद्ध पार्क पछिल्लो समय पर्यटकीय गन्तव्य बन्दै गएका छन् । विश्व शान्ति स्तुपदेखि सुरु भइ पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी पोखरा वडा २२ कार्यालय हुँदै बुद्ध पार्क (निगाले डाँडा) सम्म पुगेर दौडको रुट टुंगिने छ।

खुलातर्फ प्रथमलाई २५ हजार, दोस्रोलाई १५ हजार र तेस्रोलाई ७ हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्रदान गरिनेछ । यस्तै, महिला धावक र यू-१६ बालबालिका, पोखरा २२ का वडा धावकमध्ये उत्कृष्ट एक-एक जनालाई नगद ७ हजारसहित प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ । आगामी २१ सेप्टेम्बरलाई विश्व शान्ति दिवस तथा २७ सेप्टेम्बरलाई विश्व पर्यटन दिवसको रुपमा मनाइँदैछ। यही सन्दर्भ पारेर पहिलो प्रयास गरिएको पत्रकार एवं कम्पनी अध्यक्ष बरालले बताए। पोखरा क्लिक प्रालिअन्तर्गत हाल पोखरा क्लिक डटकम न्यूज पोर्टल संचालित रहेको कम्पनीका व्यबस्थापक सागर सुनारले जनाए।

प्रतियोगितामा हालसम्म पोखरा वडा २२ कार्यालय, पुम्दीकोट कोट विकास समिति, विश्व शान्ति स्तुप समिति, बुद्ध पार्क समिति, पुम्दीकोट माउन्टेन लज, नेलम्बो नेपाल, नेपाल भूतपूर्व खेलाडी मञ्च, कास्की जिल्ला एथलेटिक्स संघ, पोखरा उद्योग वाणिज्य संघको आसन्न महाधिवेशनमा अध्यक्षका प्रत्यासी अर्जुन पोखरेल प्यानल, सहारा क्लब पोखरा, अटोवेज प्रालि, ग्लेज ड्रिङकिङ वाटर, सिटिजन फर्निचर, बराल पार्टी प्यालेस, एस.के. साउण्ड, परिचय एड्भरटाइटिङ, राष्ट्रिय पोशाकघर, जिल्ला समन्वय समिति कास्की, अन्तराष्ट्रिय पर्वतीय संग्राहलय, खेलकुदकर्मी विश्व तण्डुकार लगायतले सहयोग गर्दैछन्।

# जनअपेक्षित उच्चशिक्षामा जनप्रियका अवसर र चुनौती विषयक कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं



पोखरा सिमलचौरस्थित जनप्रिय बहुमुखी क्याम्पसले जनअपेक्षित उच्चशिक्षामा जनप्रियका अवसर र चुनौती विषयक कायशाला गोष्ठी विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा सम्पन्न गरेको छ।

क्याम्पद्वारा विसं. २१०० सम्मको रणनीतिक सोचपत्र तयारका सन्दर्भमा आयोजित गोष्ठीमा क्याम्पस व्यवस्थापन एवम् सञ्चालन प्रक्रिया विषयमा डा. श्रीकान्त शर्मा खतिवडाले सकारात्मक सोचको दर्शनलाई केन्द्रित गर्दै प्रशसनीय दृष्टिकोणमा आधारित कार्यपत्र प्रस्तुत गरेका थिए । जनप्रिय बहुमुखी क्याम्पसको शैक्षिक कार्यक्रम एवम् जनशक्ति व्यवस्थापन विषयमा प्राडा विकासकुमार केसी र स्रोत साधन व्यवस्थापनको अवस्था विषयमा डा.देवीलाल शर्माले कार्यपत्र प्रस्तुत गरेका थिए।

गोष्ठीमा उच्चशिक्षामा गुणस्तर वृद्धि, अवसरहरूको पहिचान र चुनौतीहरूको सामना गर्ने रणनीतिहरू विषयमा क्याम्पस सञ्चालक समिति, शिक्षक कर्मचारीलाई चार वटा समूहमा विभाजन गरिएको थियो । सहभागीहरूले उच्चशिक्षा क्षेत्रमा देखिएका वर्तमान चुनौतीहरू, प्रविधि प्रयोग, उद्यमशीलता र रोजगारमुखी शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने कुरामा जोड दिएका थिए । समूहगत छलफलबाट आएका सुझाव र निष्कर्षलाईसमेटेर भिजन जेएमी २१०० रणनीतिक योजना तयार गरिने जानकारी स्रोत व्यक्ति डा. श्रीकान्त शर्मा खतिवडाले दिए । समूहगत छलफलमा पूर्व कार्यवाहक अध्यक्ष परशुराम बराल, सदस्य विष्णुप्रसाद बराल, कृष्णप्रसाद तिमिल्सिना, नम्रता बराल, देवी वस्ताकोटी, अर्जुनकुमार श्रेष्ठ, पूर्व क्याम्पस प्रमुख लोकराज भण्डारी, विभागीय प्रमुखहरू वेदहरि तिमिल्सिना, दिव्यालक्ष्मी चालिसे, यमप्रसाद बराल, गोविन्द्रप्रसाद गैह्रे, शिलु चालिसेलगायतले आफ्ना धारणा राखेका थिए। क्याम्पस सञ्चालक समितिले आगामी दिनमा शैक्षिक उन्नयनका पहललाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेको छ।

क्याम्पसका सवल पक्षमा अध्ययन अध्यापनका लागि सुविधासम्पन्न भौतिक पूवाधार, पुस्तकालय, प्रयोगशाला, सर्वसुलभ शुल्कमा गुणस्तरीय शिक्षा, १३ वटा शैक्षिक कार्यक्रमका लागि विशेषज्ञता हासिल गरेका दक्ष जनशक्ति रहेका छन् । कमजोर पक्षमा क्याम्पसलाई खेलकुद मैदान र जग्गाको अभाव रहेको छ। भर्ना दर, अध्ययनमा निरन्तरता, तहपार गर्नेहरूको कमी र प्राध्यापकहरू अनुसन्धान र प्राज्ञिक लेखनमा आवद्ध नहुनु रहेका छन् । क्याम्पसले सम्भावना, अवसर र चुनौतीहरूको विश्लेषण गर्दै मानित विश्वविद्यालय उन्मुखका लागि स्वायत्त कार्यक्रम सञ्चालन गर्दै आएको छ। सिप, प्रविधि र उद्यमशीलता : शिक्षामा जनप्रियको गतिशीलताको गुञ्जनसहित विगत ३३ वर्षदेखि गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि निरन्तर क्रियाशील क्याम्पसले शिक्षा मन्त्रालयबाट २ पटक उत्कृष्ट सामुदायिक क्याम्पसबाट पुरस्कृत भएको छ भने विश्वविद्यालय अनुदान आयोगबाट २ पटक गुणस्तर सुनिश्चितताको प्रमाणपत्र पाएको छ। क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेको अध्यक्षतामा सम्पन्न गोष्ठीको उद्धेश्यमाथि निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले प्रकाश पारेका थिए । कोषाध्यक्ष गणेशबहादुर अधिकारीले स्वागत मन्तव्य राखेका थिए भने राजेन्द्र पौडेल र विकास थापामगरले कार्यक्रमको सहजीकरण गरेका थिए।

# कास्की प्रहरीद्वारा ८६ जना फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

जिल्ला प्रहरी कार्यालय कास्कीले एक महिनामा ८६ जना फरार प्रतिवादीहरूलाई पक्राउ गरेको छ।


कार्यालयका अनुसार अदालतको फैसला कार्यान्वयनका लागि भदौ १ देखि ३१ गतेसम्मका अवधिमा ६३ जना पुरुष र २३ महिला फरार प्रतिवादी पक्राउ गरिएको हो। पक्राउ परेका सबैले अदालतबाट फैसला भई कैद तथा जरिवाना भुक्तान गर्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सम्मानित अदालतको फैसला कार्यान्वयन गर्न विभिन्न मुद्दामा सजाय तोकिएर फरार रहेका प्रतिवादी पक्राउलाई विशेष प्राथमिकतामा राखेका छौं। जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयबाट त्यसका लागि खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो।" पक्राउ परेकाको कैद हिसाब गर्दा आठ वर्ष १० महिना एक दिन हुन आउँछ। उनीहरूबाट रु ४६ लाख ९२ हजार नौ सय जरिवाना असुल गर्नका लागि अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ।

पक्राउ परेकामध्ये चेक अनादार मुद्दामा ५२, लागुऔषध मुद्दामा नौ, चोरीसम्बन्धी मुद्दामा एक, अपहरण तथा शरीर बन्धकमा एक, हातहतियार तथा खरखजना मुद्दामा एक, नागरिकता तथा छाप दस्तखत किर्ते मुद्दामा एक, राष्ट्रिय वन क्षेत्रमा रुख कटान गरी फडानी गरेको मुद्दामा दुई रहेका छन् । यसैगरी बालयौन दुरुपयोग मुद्दामा दुई, बैंकिङ कसुर मुद्दामा छ जना, अभद्र व्यवहारमा तीन, लेनदेनमा तीन, सवारी ज्यान मुद्दामा दुई र जालसाझीमा मुद्दामा तीन जना रहेको प्रनाउ शर्माले जानकारी दिनुभयो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

बिगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# संसद अधिवेशन अन्त्य

गत बैशाख २८ बाट प्रारम्भ भएर भदौ ३१ सम्म संसद् अधिवेशन चालु रह्यो । १३० दिनसम्म चलेको यो अधिवेशनमा प्रतिनिधिसभाबाट उत्पत्ति भएका ५ र राष्ट्रियसभाबाट उत्पत्ति भएका ६ विधेयक दुवै सभाबाट पारित भएका छन् । प्रतिनिधिसभामा पेस भएका ८ वटा सरकारी र एउटा गैरसरकारी विधेयकमध्ये पाँच वटा विधेयक दुवै सदनबाट पारित भएका हुन् । त्यस्तै, राष्ट्रियसभामा विचाराधीन रहेका ६ वटा विधेयक दुवै सभाबाट पारित भएका छन् । चौथो अधिवेशनमा प्रतिनिधिसभाबाट भएका मुख्य कामहरू २०८१ जेठ १ गते संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत । जेठ १३ गते प्रतिनिधिसभामा बहुमतबाट पारित । जेठ १५ गते गते प्रतिनिधिसभाको बैठकबाट सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्ने संसदीय समिति गठन । समितिलाई ४ बुँदे कार्यादेश । समितिले भदौ ३१ मा आफ्नो प्रतिविदेन प्रतिनिधिसभामा पेस गरेको छ । सहकारी सम्बन्धी छानविन गर्ने संसदीय समिति बनेपछि तात्कालिन प्रमुख प्रतिपक्षी दल कांग्रेस बजेट ल्याउन दिन संसदको अवरोध अन्त्य गर्न तयार ।

जेठ १५ मा संघीय संसद्को दुवै सदनमा तात्कालीन अर्थमन्त्री वर्षमान पुनद्वारा आर्थिक वर्ष २०८१/८२ को अनुमानित बजेट प्रस्तुत । प्रतिनिधिसभामा तीन पटक प्रधानमन्त्रीले विश्वस मत प्राप्त गर्न प्रस्ताव राखे । तात्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले दुई र प्रधानमन्त्री केपी शर्मा ओलीले एक पटक उक्त प्रस्ताव राखेका हुन् । दाहालले जेठ ७ गते दाहालले प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्न राखेको प्रस्ताव बहुमतले पारित भएको थियो । त्यस्तै, असार २८ मा दाहालले विश्वासको मत प्राप्त गर्न राखेको प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो । कांग्रेसको समर्थनमा प्रधानमन्त्री बनेका ओलीले साउन ६ गते विश्वासको मत प्राप्त गर्न राखेको प्रस्ताव बहुमतले स्वीकृत भएको थियो । प्रतिनिधिसभामा यस अधिवेशनमा पेस भएका ८ वटा सरकारी र एउटा गैरसरकारी विधेयकमध्ये ५ वटा विधेयक दुवै सदनबाट पारित । शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने बहुप्रतिक्षित बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक दुवै सभाबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको । विनियोजन विधेयक, आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने र भन्सार महशुल सम्बन्धी विधेयक दुवै सभाबाट पारित भई प्रमाणीकरण ।

राष्ट्रियसभाबाट भएका महत्वपूर्ण कामहरूमा अधिवेशन चालु रहेको १ सय ३० दिनमा ४० वटा बैठक बसेको । नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमाथि सभामा छलफल तथा पारित । राष्ट्रियसभामा दर्ता भएका मिडिया काउन्सिल विधेयक, नवीकरणीय ऊर्जा दक्षता सम्बन्धी विधेयक, तिलगङ्गा नेत्र विश्विद्याल विधेयक, नेपाल कानुन व्यवसायी परिषद् विधेयक विधायन समितिमा छलफलमा । सुरक्षित कारोबार(पहिलो संशोधन) विधेयक, २०८० पारित गरी प्रतिनिधिसभामा पठाइएको । लगानी सहजीकरण सम्बन्धी ऐनलाई संशोधन गर्ने विधेयक दुवै सदनबाट पारित । नेपाल विश्वविद्यालय विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक दुवै सभाबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाइएको । अभिलेख संरक्षण(पहिलो संशोधन), खाद्य स्वच्छता तथा गुणस्तर, सुरक्षण मुद्रण प्रमाणीकरण ।

प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जाने र चाडपर्व शुरु हुन लागेको कारण देखाएर अधिवेशनको अन्त्य गरिएको प्रचार गरिए पनि सत्तारुढ र विपक्षी दलहरूबीच सम्बन्ध राम्रो हुन सकेको छैन।सत्ता गुमाउनुपरेको पीडा सांसदहरूले उठाएका विषयले दलहरूबीचको सम्बन्ध सुखद छैन।सदनमा शब्दलाई लिएर हुने विवादले अधिवेशन अन्त्य गर्ने पक्षमा पुऱ्याएको हो । विधेयक समितिमा अड्किने तर नयाँ विधेयक दर्ता नहुँदा काम विहीन हुँदा अधिवेशन अन्त्य गरेर सरकारले आफुलाई सुरक्षित ठानेको छासदन कामकाजी भन्दा बेतुकको विवादमा रुमलिएको अवस्था कायम हुन नदिन अन्त्य गरेर राहत महसु गरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दुई दशकदेखि वायु ऊर्जा अलपत्र

**पोखरापत्र संवाददाता**
पर्वत, ३१ भदौं

झन्डै दुई दशकदेखि अलपत्र बनेको यहाँको एक विकट गाउँको वायु ऊर्जा आयोजना सञ्चालन गर्न स्थानीयले माग गरेका छन् ।

महाशिला गाउँपालिका-६ फलामखानीमा करोडौं रुपैयाँको लगानीमा बनेको हावाबाट बिजुली निकाल्ने प्रविधि मर्मतसम्भारको अभावमा अलपत्र बनेको हो । दुई दशकअघि स्थापना भई सञ्चालनमा आएको उक्त वायु ऊर्जा समयसमयमा मर्मतसम्भारको अभावमा गुज्रिएको छ । केन्द्रबाट विद्युत् उत्पादन भएको छैन । त्यहाँ जडित सामानसमेत काम नलाग्ने अवस्थामा पुगेपछि स्थानीयले मर्मत गर्न माग गरेका छन् । लथालिङ्ग अवस्थामा रहेको हावाबाट विद्युत् निकाल्ने वायु ऊर्जा केन्द्रलाई पुनः सञ्चालन गर्न स्थानीयले माग गरेका छन् । विसं २०६० मा स्थापना भएको केन्द्र २०६३ सालमा तीन वर्षपछि नै बन्द भएको थियो ।

टिटिविजी नामक संस्थाले रु एक करोडभन्दा बढीको लगानीका वायु ऊर्जा आयोजना निर्माण गरेको थियो । संरक्षण र मर्मत हुन नसक्दा सुरु भएको एक वर्षमै बन्द भएपछि वायु ऊर्जा अयोजना अहिले अलपत्र अवस्थामा पुगेको स्थानीय ठाकुर रसाइलीले जानकारी दिनुभयो । त्यसमा भएको लगानी पनि डुबेको उहाँको भनाइ छ ।

फलामखानीका वडाध्यक्ष गोविन्द विश्वकर्माका अनुसार समुन्द्री सतहदेखि दुई हजार दुई सय मिटरको उचाइमा रहेको फलामखानी ढडेनको डाँडामा अत्यधिक मात्रामा हावा लाग्ने भएकाले उक्त वायु ऊर्जा स्थापना गरिएको थियो । वायु ऊर्जा सञ्चालनमा आएपछि फलामखानी, भँगरा लगायतका सयौँ घरधुरीले विद्युत् उपभोग गर्दै आएका थिए । अहिले अलपत्र परेको अवस्थामा टुलुटुलु हेरेर बस्न परेको विश्वकर्माले बताउनुभयो । त्यत्तिकै अलपत्र परेको आयोजनाको काम अगाडि बढाइदिन सम्बन्धित निकायलाई स्थानीयले आग्रह गरेका छन् । हावाको मापनसमेत गर्न सकिने उक्त डाँडोमा आयोजनाको काम पुनः परीक्षण गरी अगाडि बढाउन सकिने उहाँले बतानुभयो । उक्त योजनाबाट पुनः विद्युत् उत्पादन गरी गाउँका सबै घरधुरीमा विस्तार गर्नका लागि जिल्ला समन्वय समिति, ऊर्जा मन्त्रालय लगायतसँग माग गरिएको अध्यक्ष विश्वकर्माले बताउनुभयो । संयुक्तराष्ट्र सङ्घीय वातावरण कार्यक्रमले तयार पारेको एक 'रिपोर्ट'अनुसार नेपालमा तीन हजार मेगावाट विद्युत् हावाबाट उत्पादन गर्न सकिन्छ । उक्त आयोजनाबाट करिब १२ किलोवाट बिजुली उत्पादन हुँदै आएको थियो । वायु ऊर्जा आयोजना पुनर्निर्माण गर्न सकेमा फलामखानी करिब तीन सय घरधुरी र छिमेकी वडा भँगरा र पाखापानीका बासिन्दासमेत प्रत्यक्ष लाभान्वित हुने स्थानीयको भनाइ छ ।

महाशिला गाउँपालिकाले उक्त वायु ऊर्जा आयोजनाका बारेमा विस्तृत अध्ययन गरी पुनः सञ्चालनका लागि कार्ययोजना बनाउने तयारी गरेको अध्यक्ष ईश्वरी भुसालले बताउनुभयो । चालु आर्थिक वर्षदेखि नै अलपत्र आयोजनाको व्यवस्थापनमा लाग्ने उहाँले बताउनुभयो ।

# सामुदायिक वनलाई समृद्धिको आधार बनाउनु पर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

संरक्षण, सम्वर्द्धन र विकासका माध्येमबाट विश्वसामु परिचित सामुदायिक वनलाई रोजगार सिर्जना गर्दै समृद्धिको आधारका रुपमा उपयोग गर्नु पर्नेमा कार्यक्रमका सहभागिले जोड दिएका छन् ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेशद्धारा आजदेखि पोखरामा शुरु भएको स्थानीय महासंघका पदाधिकारीका लागि आयोजित दुई दिने वन सम्वन्धी कानूनी क्षमता अभिवृद्धि तालिमका सहभागिले वन पैदावार उपयोगमा सर्वसुलभ नीतिको खाँचो औल्याए । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य एवम् सञ्चारकर्मी हरिप्रसाद बास्तोलाले कार्यक्रमको उद्घाटन गर्दै महासंघले उपभोक्ताका हक, अधिकार स्थापित गर्न निरन्तर पैरवी गर्दै आएको बताउनुभयो । महासंघमा हाल २३ हजार २६ सामुदायिक वन समुहका लगभग ३५ लाख घर परिवारले २४ लाख भन्दा बढी हेक्टर वन क्षेत्रलफलको व्यवस्थापन गर्दै आएको बताउँदै उहाँले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न सहभागिलाई अनुरोध गर्नुभयो । नेपाल सरकारले प्रदान गरेको अवसरको भरपुर उपयोग गर्दै मुलुकका सम्पूर्ण वन उपभोक्ता समुहलाई स्थायी लेखा नंम्वर लिन आग्रह गर्दै उहाँले वनमा आधारित उद्यम सञ्चालन गर्नेतर्फ लाग्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

महासंघका केन्द्रीय सदस्य दोवबहादुर कार्कीले वन पैदावार उपयोगमा नीति गत समस्या रहेको बताउँदै त्यसका लागि तीनै तहका सरकार जिम्मेवार हुनु पर्ने आवश्यकता औल्याउनुभयो । वन समुहमा सुशासन र पारदर्शिताको खाँचो रहेको उहाँको भनाई थियो । तालिममा प्रदेश महासंघका अध्यक्ष कालीदास सुवेदी, महासंघका कानूनी सल्लाहकार डिलराज खनाल, थाउजेन्ट करेन्ट परियोजनाका अनिता वन्तले तालिममा प्रशिक्षण दिनु भएको थियो ।

महासंघका महासचिव आँशु विश्वकर्मा र सदस्य लक्ष्मी अधिकारी सुवेदीले नेपालको वन क्षेत्रको बृद्धि, मानव वन्य जन्तु द्धन्द लगायतले उपभोक्तामा परेको समस्या र राज्यले गरेको व्यवस्थाकाबारेमा प्रकाश पर्नु भएको तालिममा गण्डकी प्रदेशका मनाङ र मुस्ताङ बाहेकका नौवटा जिल्लाका स्थानीय महासंघका अध्यक्ष र सचिव सहित ५० जनाको सहभागिता रहेको थियो ।

# महिला सांसदहरुको क्षमता बढाउन अनुशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं



गण्डकी प्रदेश सभाका महिला सदस्यहरूका लागि अन्तरक्रियात्मक अनुशिक्षण तथा अनुभव आदानप्रदान कार्यक्रम हालै सम्पन्न भएको छ । गण्डकी प्रदेश सभा सचिवालयको आयोजनामा भएको कार्यक्रमका लागि पोखरा रिसर्च सेन्टरले समन्वय र युएनडिपी संसद सहयोग परियोजनाले सहयोग गरेको थियो । गण्डकी प्रदेश सभामुख कृष्णप्रसाद धितालले कार्यक्रमको उद्घाटन गर्दै महिला सांसदहरुले घरदेखि संसदसम्म सम्हाल्नुपर्ने दायित्व रहेको भन्दै पुरुषलाई भन्दा थप चुनौती रहेको बताए । नीति निर्माण प्रक्रियामा महिलाहरुको दायित्व महत्वपूर्ण रहने भन्दै उनले यसका लागि थप मेहनत गर्न सुझाए । गण्डकी प्रदेशकी उपसभामुख बिनाकुमारी थापाले महिला सदस्यहरुलाई कार्यक्रममा सक्रिय सहभागिता जनाइ कानून निर्माण प्रक्रियामा पोख्त हुन अनुरोध गरिन् । प्रदेश सभा सचिवालयका सचिव हरिराज पोखेलले लैंगिक तथा समावेशी दृष्टिबाट समान व्यवहार हुनुपर्ने भन्दै महिला सांसदहरुको नेतृत्व क्षमतालाई वृद्धि गर्ने उद्देश्यले कार्यक्रम गरिएको बताए ।

कार्यक्रम विभिन्न चरणमा गरिएको थियो । पहिलो चरणमा नेपाल सरकारका पूर्व कानुन सचिव राजुमान सिंह मल्लले विधेयक प्रस्तावको तयारी, स्वीकृति र विधेयक मस्यौदा तर्जुमाको वारे सहजीकरण गरे । उनले विधेयकको संरचना र संशोधन विधेयकको मस्यौदा तर्जुमा, गण्डकी प्रदेश सभा नियमावली बमोजिम छलफलको क्रममा रहेको विधेयकको संशोधन प्रक्रिया, गैर सरकारी विधेयकका बारेमा प्रष्ट पारे । जनताका समस्या पहिचान गरी समाधान गर्न र राज्यमा शान्ति कायम गर्न आवश्यकताको पहिचान गर्न कानुन जरुरी रहेको मल्लले भने । 'जनताका समस्या नै नबुझी अध्यारो कोठामा बसेर कानुन बनाउनु उचित हुँदैन,' उनले भने । नीति निर्माण प्रक्रियामा अनुसन्धान अति नै महत्वपूर्ण विषय रहेको र यसको अवधारणामा उल्लेख गर्नुपर्ने कुराको बारेमा पनि ध्यानाकर्षण गराए । नेपालमा मृत्युदण्ड सम्बन्धी कानुन किन बनाउन सकिदैंन भन्ने प्रश्नबारे संवैधानिक सीमामा रही विभिन्न खाले सन्धी र महासन्धीलाई अवलम्बन गर्दै कानुन बनाउनु पर्ने मल्लले बताए । गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० र जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गरिएको थियो । दोस्रो चरणमा गण्डकी प्रदेश सभा पूर्व सदस्य आशा कोइरालाले विधायिकी प्रकिया र कानुन निर्माण, प्रभावकारी कानुनको मस्यौदामा चुनौतीहरु, पार्टी लाइनहरुमा सहमति निर्माण गर्ने रणनीतिहरू, सफल विधेयकहरुको केस स्टडी र प्रकिया, समितिहरू बारे अन्तर दृष्टि बारेमा सहजीकरण गरिन् । कोइरालाले नेतृत्व र राजनीतिक रणनीतिमा आफ्ना अनुभव आदानप्रदान गरिन् । जनतालाई आवश्यक परेको खण्डमा नीति निर्माण गर्नुपर्ने र बनाइएको कानुन आवश्यक नभएको खण्डमा पनि आवाज उठाउन जरुरी रहेको उनको भनाइ थियो । प्रदेश सभा सदस्यले सैद्धान्तिक छलफलमा भाग लिनुपर्ने र राजनीतिक दलले पनि सदस्यले उठाएका प्रश्नको कदर गर्नुपर्ने उनको भनाइ छ । जनताको प्रतिनिधि भएर आवाज उठाउन र महिला हिंसाका बारेमा बोल्नुपर्नेमा उनको जोड थियो । नेपालको संविधानमा दुई प्रकारको निर्वाचन प्रणाली अवलम्बन गरेको छ र त्यसमा महिलालाई प्रत्यक्ष भन्दा बढि समानुपातिक तर्फ बढि जोड दिइन्छ।' उनले भनिन्। समानुपातिक सदस्यलाई कमजोर सोच्ने र समान हैसियतको दृष्टिले नहेरिएको उनको अनुभव छ ।

तेस्रो चरणमा संविधान सभा सदस्य डा. विन्दा पाण्डेले लैंगिक तथा समावेशी दृष्टिबाट कानुन निर्माणका भूमिका बारेमा प्रस्तुति गरिन् । उनले अझै पनि नेपालमा महिलालाई अधिकार दिए पुरुषको अधिकार कटौती हुने मानसिकता रहेको बताइन् । सासंदहरु जनताको प्रतिनिधि नभएर सम्बन्धित दल र नेताको प्रतिनिधि भएको उनको गुनासो छ । उनले महिला आर्थिक हिसाबले सबल भए अघि बढ्न सक्ने बताइन्। "जनप्रतिनिधि आफै सर्वेसर्वा हैनौं, नागरिक समुदायको प्रतिनिधि हौं।" उनले भनिन्। जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि लैङ्गिक तथा समावेशी दृष्टिबाट उनले त्रुटि व्यक्त गरिन्। जीवनाशक विषादीको प्रयोगले सुत्केरी तथा गर्भवती महिलालाई, वृद्ध मानिस, र बालबालिका माथि प्रत्यक्ष असर गर्ने बताएकी छिन् । चौथो चरणमा गण्डकी प्रदेश सभा पूर्व उपसभामुख सृजना शर्माले निर्वाचन क्षेत्रसँगको संलग्नता र प्रतिनिधि, सुशासन र निरीक्षण, महिला सशक्तीकरण र लैंगिक समानताका बारेमा प्रष्ट पारिन् । उनले उपसभामुखको हकमा त्यति धेरै कुरा उल्लेख नगरिएको हुँदा नेतृत्व विकास हुन नसकेको बताइन् । प्रदेशमा महिला मुख्य मन्त्री किन हुदैन भन्ने विषयमा पनि उनले गुनासो गरिन् । उनले महिलालाई ३३ प्रतिशत भन्दा थोरै पनि माथि जान नदिँदा महिला सदस्यको क्षमता वृद्धिमा कमी आएको बताएकी छिन् ।

पाँचौ चरणमा गण्डकी प्रदेश सभाका पूर्व सदस्य कुमार खड्काले विधायिकी प्रकिया र कानुन निर्माण, नेतृत्व र राजनीतिक रणनीति, संविधान र शासन व्यवस्थाका बारेमा प्रष्ट्याए । उनले सदस्यहरुको विधेयक निर्माणमा कम रुचि रहेको बताए । ससंदमा सदस्यले विषयवस्तुमा भन्दा सम्बोधनमा समय बढी खर्च गरेको अनुभव सुनाए । उनका अनुसार विधेयक कसरी ऐन बन्छ भन्ने बारे पाँच वर्ष अनुभव भएका सदस्यले पनि भन्न नसकेको अवस्था छ । सांसदले प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट आएका सदस्यमा किन भेदभाव हुन्छ भनी प्रश्न गर्दा उनले ससंद आफैले ल्याएको भेदभाव हो भने ।

छैटौं चरणमा पत्रकार रुपेश श्रेष्ठले सार्वजनिक भाषण, वार्ता र सामाजिक सञ्जाल ह्यान्डलिङ सम्बन्धी प्रस्तुति दिए । उनले सामाजिक सञ्जालमा राखेका कुराले जनतामा के कस्तो प्रभाव पार्छ भन्ने बारे स्पष्ट पारे । उनले मिडियामा नियमित सम्पर्कमा रहन, बहस छलफलमा सहभागी रहन, नीति र कार्यक्रमबारे जानकारी दिन उचित रहने बताए । जनताले जवाफ, सूचना, नीति, मत र धारणाको अपेक्षा गर्छन् भन्ने उनको भनाइ छ ।

कार्यक्रममा प्रदेश सभा सदस्यहरुले विभिन्न कार्यक्रममा सहभागी भएर आफूहरुले दुख पोख्ने गरेको तर पछि त्यस विषयमा कुनै छलफल नगरिएको भन्दै यो सन्दर्भलाई 'तीजमा आमालाई दुख सुनाउन आएको' जस्तै भएको बताए । सदस्यहरुले आफ्नो कमजोरी पनि निहाल्नु पर्ने र दललाई दोष लगाउनु भन्दा आफु अग्रसर हुनु उत्तम रहेको बताए। पदको अर्को नाम भनेको जिम्मेवारी हो' उनिहरुले भने। यस्ता विभिन्न विषयका बारेमा गरिएको छलफलमा निर्मला थापा, राजकुमारी भूजेल, विन्दु पौडेल, विमला गौचन, टिका कुमारी वस्याल, कुसुम बुढा पुन, दमयन्ती रुचाल, चम्पादेवी खड्का, सीता कुमारी सुन्दास, सुशिला सिंखडा, सरस्वती गुरुङ, पार्वती तामाङ, दिलमाया पौ.बि, कल्पना तिवारी, र यशोदा रिमाल लगायतका सदस्यहरुको सहभागिता रहेको थियो । पोखरा रिसर्च सेन्टरका कार्यकारी निर्देशक सुजन रेग्मीले प्रदेश सरकारमा सुशासनका लागि सहजीकरण गर्न सधैं तत्पर रहेको बताए । उनले प्रदेशलाई बलियो बनाउन गर्न आवश्यक कामहरु गर्न तयार रहेको र आफूसँग जुनसुकै माध्यमबाट पनि सम्पर्कमा रहन सक्ने बताए । भदौ २८ र २९ गते पोखरामा भएको कार्यक्रममा सहभागी प्रदेश सभा सदस्यले कार्यक्रम अति नै फलदायी रहेको बताए । अधिकारको सही सदुपयोग नगरेको महसुस भएको भन्दै उनीहरुले पुरुष सदस्यहरुसँग बसेर यस्ता कार्यक्रम गरे ससंदभित्र महिला माथि भएको विभेद कम हुने उनीहरुको भनाइ छ । कार्यक्रमको अन्त्यमा उपसभामुख बिनाकुमारी थापाले प्रदेश सभा सांसदले भौगोलिक विकासमा भन्दा नीति निर्माणमा ध्यान केन्द्रित गर्नुपर्ने बताइन् । सो कार्यक्रम गण्डकी प्रदेश सभा सचिवालय उपसचिव (कानून) सुशिला अधिकारीले संचालन गरेकी थिइन् ।

# मुस्ताङको घरपझोङ गाउँपालिकाद्वारा 'उज्यालो घरपझोङ' अभियान सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ भदौ

मुस्ताङका घरपझोङ गाउँपालिकाले 'उज्यालो घरपझोङ' अभियान सञ्चालनमा ल्याएको छ । घरपझोडको पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले आफ्नो सुविधाबाट सो अभियान सञ्चालन गर्नुभएको हो ।

अध्यक्षको तलब सुविधाबापतको रकमबाट 'उज्यालो घरपझोङ' अभियान सञ्चालन भएको प्रमुख प्रशासकीय अधिकृत बेदहरी अधिकारीले जानकारी दिनुभयो । "पाँच वडा रहेको घरपझोडको सबै बस्तीलाई रातको समयमा उज्यालो बनाउन अध्यक्षले पाउने सेवा सुविधाबापतको रकमबाट 'स्टेप लाइट' किनेर विद्युतको पोलमा जडान गरिएको छ", उहाँले भन्नुभयो, "वडा नं १ को छैरो, चिमाङ र वडा नं ३ को पुथाङ एयरपोर्टबाहेकका धेरै ठाउँमा सडकबत्ती जडान भएको छ ।" ठिनी, जोमसोम, एक्केभट्टी, स्याङ र मार्फामा बत्ती जडान गरेर रातको समयमा झिलीमिली बनाएको छ । सडकबत्तीको महसुल गाउँपालिकाले ब्यहोर्ने निर्णय भएको छ । घरपझोडका बस्ती रातको समयमा झलमल्ल र मनमोहक देखिन्छन् । बाँकी ठाउँमा पनि बत्ती जडानको तयारी गरेको अध्यक्ष लालचनले बताउनुभयो । पर्यटकीय बस्तीको सौन्दर्यकरण र सुरक्षाका लागि चुनावको समयमा गरेको प्रतिबद्धताअनुसार सडकबत्ती जडान गरेको लालचनले बताउनुभयो । "मैले जनप्रतिनिधिको हैसियतमा प्राप्त गर्ने सेवा सुविधाबापतको रकमलाई कार्यपालिकाको बैठकले गर्ने निर्णयानुसार आवश्यक ठाउँ र योजनामा खर्च गरेको छु", उहाँले भन्नुभयो, "निर्वाचित भएको करिब साढे दुई वर्षको अवधिमा करिब रु छ लाख सामाजिक क्षेत्रमा खर्च भएको छ ।" व्यावसायिक पृष्ठभूमिका लालचन नेपाली काङ्ग्रेसबाट गाउँपालिकाको अध्यक्षमा उम्मेदवार बन्नुभएको थियो । उहाँको जनप्रतिनिधि हुनुअघि जापानमा रेष्टुरेष्ट व्यवसाय थियो । परिवारका सदस्यले व्यवसायलाई निरन्तरता दिएका छन् । गण्डकी प्रदेशका गाउँपालिकाका अध्यक्षले मासिक रु ३६ हजार दुई सयका दरले पारिश्रमिक पाउने नीतिगत व्यवस्था छ । घरपझोङका सबै बस्तीको डाँडामा विद्युतीय होडिङ बोर्ड राख्न थालिएको छ । बेनी-जोमसोम-कोरला सडक र पोखरा-जोमसोम हवाई उडानका क्रममा देखिने गरेर मार्फा र स्याङमा मेटलको विद्युतीय होडिङ बोर्ड राखिएको छ । जोमसोम र ठिनीमा पनि सो बोर्ड राखिने गाउँपालिकाले जनाएको छ । गाउँको पहिचानका साथै पाहुनाहरूले चिन्न सजिलो हुने अपेक्षा गरिएको छ ।

अध्यक्ष लालचनले सेवा सुविधाबापत पाएको रकमबाटै जोमसोममा रहेको मातृचक्रलाई रडरोगन र व्यवस्थापन गरिएको छ । करिब २० वर्षअघि एक जना जर्मन नागरिकले ढुङ्गाको पर्खाल चिनेर गोलो आकारको बनाएका थिए । मातृचक्रलाई गाउँपालिकाले आमाको गर्भमा हुँदाको कल्पना गर्न मिल्ने गरी घुम्ने र आमाको सम्मान गर्ने ठाउँको रुपमा विकास गर्न खोजेको जनाएको छ ।

# आँधिमूलमा भुजेल जातिको धार्मिक 'ग्रन्थपूजन'

पोखरापत्र संवाददाता
पोखरा, ३१ भदौ

यहाँको बन्दीपुर गाउँपालिका-५ स्थित आँधिमूल मन्दिरमा आइतबार भुजेल जातिको संस्कार, संस्कृतिको धार्मिक ग्रन्थपूजन गरिएको छ ।

भुजेल संस्कार संस्कृतिसँग आधारित राँगा र भेडाको सिङबाट बनेको बाजा (पुतुङ) र खैँजडी बजाउँदै धार्मिक ग्रन्थपूजन गरिएको हो । भुजेल जातिको धार्मिक ग्रन्थका लेखकद्वय विशम भुजेल र प्रदिप भुजेलद्वारा लिखित पुस्तक विमोचनको पूर्वसन्ध्यामा ग्रन्थपूजन गरिएको हो ।

उक्त कार्यक्रममा दार्जिलिङबाट आउनुभएका भुजेल संस्कृतिविद् (फोरो) रतन खवास र प्रमोद खवास लगायतको सहभागिता रहेको थियो । भुजेल संस्कृति एशोसिएनका प्रमोद खवास र भुजेल भाषामा विद्यावारिधि गर्नुभएका डा. बिधुप्रकाश कायस्थ पनि सहभागी ग्रन्थपूजनमा सहभागी हुनुहुन्थ्यो ।

भुजेल जातिका संस्कार, संस्कृति र प्रकृति पुजनमा आधारित धार्मिक ग्रन्थ "म्याहडो इम्याहङअ" ग्रन्थ आज विमोचन कार्यक्रम छ । भुजेल जातिको भाषा संस्कार र संस्कृतिको संरक्षणका लागि यस पुस्तक कोसेढुङ्गा साबित हुने विश्वास गरिएको लेखक विशम भुजेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार पछिल्लो समय भुजेल जातिको रैथाने ज्ञान, सीप लगायत भाषा संस्कार, संस्कृति लोप हुँदै जान थालेपछि संरक्षण गर्न पुस्तक लेखिएको हो । "राज्यले हाम्रो भाषा संस्कृतिको संरक्षणतर्फ ध्यान दिन सकेको छैन् । जातीय सङ्घसंस्थाहरू लोपोन्मुख भाषा, संस्कार र संस्कृतिको पक्षपोषण भन्दा बाहिर गएर दलीय भागबन्डामा लिप्त हुँदा लोप हुने खतरामा पुगेको छ", उहाँले भन्नुभयो ।

म्याहडो इम्याहङअ पुस्तक खोज अनुसन्धान गरेर सन् २०१२ मा पाण्डुलिपी तयार गरिएको अर्का लेखक प्रदिप भुजेलले बताउनुभयो । प्रकृतिपूजक भुजेल समुदाय बसोबास गर्ने नेपाल र भारतका विभिन्न स्थानमा पुगेर उनीहरूको भाषा संस्कृतिको विषयमा खोजी गरी पुस्तक तयार पारिएको उहाँले जानकारी दिनुभयो ।

# चक्लाबन्दीपछि बाँझो जग्गा हराभरा

खेमराज गौतम
बागलुङ, ३१ भदौ

बागलुङमा एक हजार आठ सय ५० रोपनी जग्गा चक्लाबन्दी गरिएको छ । चक्लाबन्दीमा गरिएको फलफूलखेतीले अधिकांश बाँझो जग्गा हराभरा हुन थालेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत बाँझो जग्गाको सदुपयोग तथा जग्गाको उपयोगिता बढाउन गरिएको चक्लाबान्दी कार्यक्रम प्रभावकारी बनेको छ ।

तरकारीखेती बाहेक ओखर, कागती, सुन्तला, स्याउ र किबीखेती अधिकांश बाँझो जग्गा सदुपयोग गरी चक्लाबान्दी कार्यक्रमअन्तर्गत विस्तार गरिएको छ । बागलुङमा बाँझो जग्गाको उपगोगिता बढाउन ल्याइएको चक्लाबान्दी कार्यक्रम सफल भएको छ । चक्लाबन्दी कार्यक्रमअन्तर्गत चार वर्षयता सुन्तला एक सय ४० रोपनी, ओखर चार सय ४०, तरकारी चार सय, कागती दुई सय ५०, स्याउ पाँच सय ४० र किबी ८० रोपनी क्षेत्रफलमा विस्तार गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका निमित्त प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो । चक्लाबन्दीमा खेती गरेको तरकारी र सुन्तलाबोहक अन्य जग्गा खेतीयोग्य भएर पनि बाँझो रहेको उहाँले बताउनुभयो ।

"एउटा चक्लाबन्दी कार्यक्रमका लागि रु १० लाख खर्च हुन्छ, १५ स्थानमा चक्लाबन्दी सम्पन्न भइसकेको छ, चालु आर्थिक वर्षमा तीन स्थानमा चक्लाबन्दीका लागि रु ३० लाख बजेट विनियोजन भइसकेको छ", निमित्त प्रमुख पौडेलले भन्नुभयो, "ओखरसहित फलफूलखेतीको अधिकांश खेतीयोग्य जग्गा पछिल्लो समय बाँझो रहेको थियो, अहिले त्यही बाँझो जग्गामा चक्लाबन्दीका कारण कागती, स्याउ तथा ओखरका बिरुवा हुर्किरहेका छन् ।" चक्लाबन्दीका कारण कृषिमा आधुनिकीकरण गर्न सकिने, यन्त्रको प्रयोगले खेती गर्न सकिने र धेरै उत्पादन गर्दा बजारको समस्या नहुने भएकाले किसान चक्लाबन्दीमा आकर्षित भएका हुन् । चक्लाबन्दी कार्यक्रमअन्तर्गत जैमिनी नगरपालिका-२ मा सुन्तलाखेती, महाशिला गाउँपालिका-१, बागलुङ नगरपालिका-९ र जैमिनी नगरपालिका-३ मा ओखरखेती, बागलुङ नगरपालिका-८ सिगाना, जलजला गाउँपालिका-७ र कुश्मा नगरपालिका-११ मा तरकारीखेती, ढोरपाटन नगरपालिका-९ स्थित नवी,मसलगायतगाउँमास्याउखेती,बागलुङ नगरपालिका-१२ मा कागतीखेती र निसीखोलागाउँपालिका-४थापागाउँमा किबीखेती विस्तार गरिएको छ ।

बाँझो जग्गालाई एउटै पलट बनाउने, जग्गाको खण्डीकरण मिलाउने र एकल बाली लगाउने कामलाई चक्लाबन्दीका रूपमा लिने गरिन्छ । बाँझो जग्गामा एकीकृत खेती गर्न किसानलाई चक्लाबन्दी कार्यक्रमले आकर्षित गरेको ढोरपाटन नगरपालिका-९ का चिरनकुमार घर्तीले बताउनुभयो । बाँझिन थालेको एक सय रोपनी जग्गा चक्लाबन्दी गरेर एक हजार दुई सय स्याउका बिरुवा लगाएको बताउनुभयो । बसाईंसराइले क्रमशः गाउँका जग्गा बाँझो पल्टिने, जग्गाको खण्डीकरणका कारण यन्त्रिकीकरण गर्न नसकिने तथा एकल बालीका लागि उपयुक्त जग्गाको अभावका कारण चक्लाबन्दीको योजना ल्याइएको छ । चक्लाबन्दी कार्यक्रममा समावेश हुनका लागि फर्मको ६० रोपनी र समूहको एक सय रोपनीभन्दा माथि जग्गा हुन आवश्यक छ । चालु आवमा तीन स्थानको चक्लाबन्दीका लागि रु ३० लाख बजेट विनियोजन भएको र तिहारपछि चक्लाबन्दी कार्यक्रमको छनोट गरिने छ ।

## जोन कार्यक्रमले बाखा र आलु उत्पादनमा वृद्धि

बागलुङमा प्रधानमन्त्री कृषि परियोजनामार्फत सञ्चालन भएको आलु र बाखा जोन कार्यक्रमले उत्पादनमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७५/७६ देखि आलु र आव २०७८/७९ देखि बाखा जोन सञ्चालन हुँदै आएको छ । उच्च पहाडी क्षेत्रमा आलु र बाखापालनको सभावना तथा प्रशस्त चरन क्षेत्र भएको ठाउँमा बाखा जोन क्षेत्र बनाएर उत्पादनमा वृद्धि भइरहेको छ । प्रधानमन्त्री कृषि परियोजनामार्फत आलु जोन कार्यक्रमले बागलुङका पाँच पालिकाका केही वडालाई समेटिएको छभने बाखा जोन कार्यक्रमले तीन पालिकाका केही वडालाई समेटिएको छ । प्रधानमन्त्री कृषि आधुनिककीरण प्रयिोजनाका निमित्त वरिष्ठ कृषि अधिकृत नाराण पौडेलले आलु जोन कार्यक्रमले १२ प्रतिशत उत्पादनमा वृद्धि गराएको र बाखा जोन कार्यक्रमले ५५ प्रतिशत उत्पादनमा वृद्धि भएको बताउनुभयो । आलु र बाखा जोन कार्यक्रमले आलु र मासु उत्पादनमा समेत वृद्धि गराउन सफल भएको छ । बागलुङको उच्च पहाडी क्षेत्रमा पाइने आलु निकै स्वादिष्ट भएकाले यहाँको आलुको उत्पादन बढाउन आलु जोन सञ्चालन गरिएको हो । ढोरपाटन नगरपालिका, बडिगाड, ताराखोला, गलकोट नपा, निसीखोला गाउँपालिकाको केही वडा समेटेर सञ्चालन गरिएको आलु जोनले आलुको उत्पादनमा १२ प्रतिशले बढाएको तथ्याङ्क छ । ढोरपाटन नगरपालिका, बडिगाड, ताराखोला, गलकोट नपा, निसीखोला गाउँपालिकाको केही वडा समेटेर सञ्चालन गरिएको आलु जोनले आलुको उत्पादनमा १२ प्रतिशले बढाएको तथ्याङ्क छ । "बागलुङमा क्रमशः अलैंची जोन, गाई तथा भैंसी जोन र त्यसपछि धान जोनको कार्यक्रम ल्याउने लक्ष्य रहेको छ, चालु आवमा अलैंची जोन बनाउन बजेट विनियोजन गरेका छौं, जैमिनी नगरपालिका, काठेखोला, ताराखोला र बरेङ गाउँपालिका तथा गलकोट सहित आठ स्थानीय तहलाई समेटेर अलैंची जोन बनाउने तयारी छ", निमित्त प्रमुख पौडेलले भन्नुभयो । यस्तै बागलुङ नगरपालिका, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकाका केही वडालाई समेटेर आव २०७८/७९ देखि सुरु भएको बाखा जोन कार्यक्रमले मासुको उत्पादनमा ५५ प्रतिशतले वृद्धि गरेको निमित्त प्रमुख पौडेलले जानकारी दिनुभयो । बाखा जोन सुरु हुँदा २६ हजार छ सय ७५ बाखा रहेकामा हाल बाखाको ४१ हजार पाँच सय १३ पुगेको छ । आलु जोन बागलुङका पाँच पालिकाको छ सय १० हेक्टर क्षेत्रफलमा फैलएको छ । बाखा जोन कार्यक्रमले तीन पालिकाको २९ बाखा फार्मलाई समेटिएको छ । जोनअन्तर्गत बीउपुँजी, यन्त्रिककीरण, खोर सुधार तथा बजारीकरणका लागि परियोजनाले सघाउँदै आएको पौडेलको भनाइ छ । आलु जोन कार्यक्रममा तीन समूहमार्फत सञ्चालन भइरहेको छ भने बाखा जोन कार्यक्रम २६ निजी उद्यमी, दुई सहकारी र एक समूहले सञ्चालन गर्दै आएको छ । आलु र बाखा जोन प्रभावकारी बन्दै गएपछि बागलुङ र पर्वतका केही पालिकालाई समेटेर अलैंची जोन बनाउन थालिएको छ । अलैंची जोन बनाउन चालु आवमा रु एक करोड दुई लाख बजेट विनियोजन भएको छ । त्यसका लागि घुम्ती तालिम, अलैंचीको समस्या निदान, क्षेत्रफल विस्तार, यन्त्र उपकरण वितरण, सिँचाइ पूर्वाधार निर्माण तथा सुधारिएको आधुनिक भट्टी निर्माणको काम यस वर्षदेखि थालिने छ ।

# लक्ष्य अनुसार उठ्दैन कर

पोखरापत्र संवाददाता
बागलुङ, ३१ भदौ

हरेक कार्यालय, सङ्घसंस्थाले लक्ष्य राखेर काम गर्ने चलन छ । लक्ष्य अनुसार कामको प्रगति पनि हुनुपर्छ । तर आन्तरिक राजस्व कार्यालय बागलुङले पछिल्लो तीन वर्षदेखि नै लक्ष्य भेटाउन सकेको छैन । यद्यपि कर सङ्कलन भने उल्लेख्य रूपमा बढेको छ ।

हरेक आर्थिक वर्षमा लक्ष्यको ७९ देखि ८० प्रतिशत मात्रै कर सङ्कलन भएको छ । केहीवर्ष अघि शतप्रतिशतभन्दा धेरै कर सङ्कलन भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा रु एक अर्ब २० करोड कर सङ्कलन गर्ने लक्ष्य राखेपनि असार मसान्तसम्म कार्यालयले लक्ष्य भेट्न सकेन । बरु ७९ प्रतिशत मात्रै अथा ो अवधिमा कूल ९६ करोड ५५ लाख ७८ हजार मात्रै कर सङ्कलन भएको कार्यालय प्रमुख प्रमोदकुमार श्रीवास्तवले बताउनुभयो । साउन महिनामा आर्थिक कारोबार कम हुने भएकाले सङ्कलन घटेको छ । साउनमा रु एक करोड ९३ लाख संकलनको लक्ष्य राख्दा रु ९१ लाख रु ३५ हजार मात्रै सङ्कलन भएको प्रमुख श्रीवास्तवले बताउनुभयो ।

आव २०७९/८० मा कार्यालयले रु एक अर्ब पाँच करोड ५१ लाख राजस्व सङ्कलन गर्ने लक्ष बनाएकामा रु ९५ करोड ३१ लाख मात्रै सङ्कलन गर्न सकेको थियो । लक्ष्य अनुसार कर असुल हुन नसक्नुलाई आर्थिक क्षेत्रको मन्दी, सहकारीमा आम नागरिकको विश्वास घट्नु र लघुवित्तको कारोबारमा आएको कमीलाई औँल्याउने गरिएको छ । बागलुङको हकमा सिवाइसी लघुवित्तको पोखराबाट कारोबार हुँदा यहाँ सङ्कलन हुने लाखौं रकम सरेको हो । त्यस्तै अन्य संस्थाको पनि केही रकम अन्य संस्थामा सरेको छ । "सहकारीको कारोबार घट्दा कर सङ्कलन पनि घटेको छ", प्रमुख श्रीवास्तवले भन्नुभयो । गत आर्थिक वर्ष कार्यालयले रु ६० करोड ६९ लाख आयकर सङ्कलन गर्ने लक्ष्य राखेकामा रु ५१ करोड ४९ लाख सङ्कलन भएको छ । त्यस्तै भ्याटतर्फ रु ३३ करोड ४७ लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु २७ करोड ५० लाख मात्रै सङ्कलन भएको छ । अन्तशुल्कतर्फ रु पाँच करोड चार लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु चार करोड २० लाख मात्रै सङ्कलन भएको छ ।

सामुदायिक वन उपभोक्ता समिति, अन्य निर्माण क्षेत्रका उपभोक्ता समिति र कतिपय व्यवसाय नै दर्ता नभएकाले कर सङ्कलन हुन सकेको छैन । त्यस बाहेक असार मसान्तसम्मा कैयौं विकास निर्माण सम्पन्न नभएकाले कर सङ्कलनमा ढीलाइ भएको हो ।

# एघार लघुजलविद्युत् आयोजनाका करोडौँका उपकरण प्रयोगविहीन

पोखरापत्र संवाददाता
पर्वत, ३१ भदौ

जिल्लाका विभिन्न दुर्गम भेगका अँध्यारा बस्तीमा उज्यालो पुर्‍याउने भन्दै लाखौँ रकम लगानी गरेर स्थापना गरिएका लघुजलविद्युत् आयोजना लामो समयदेखि प्रयोगविहीन बनेका छन् । विगत साढे दुई दशकभन्दाअघि युएनडिपी, विश्व बैंक र नेपाल सरकारको लगानीमा निर्माण भएका जिल्लाका ११ वटा आयोजना अहिले पूर्ण रूपमा बन्द भएका हुन् । लामो समयदेखि जलविद्युत् आयोजना बन्द हुँदा करोडौं मूल्यका उपकरण प्रयोगविहीन बनेका छन् ।

सात वर्षअघिसम्म तीनवटा मात्र आयोजना सञ्चालनमा रहेका भए पनि केन्द्रीय प्रसारण लाइनको पहुँच विस्तार भएसँगै ती पनि बन्द भएका हुन् । पछिल्ला केही वर्षयता सामुदायिक विद्युतीकरणमार्फत पर्वतका सबै स्थानीय तहका सबै वडामा केन्द्रीय प्रसारण लाइनको पहुँच विस्तार भएको हो । दक्षिण पर्वतको पैँयु गाउँपालिका-६ सरौखोलामा रहेको १२ किलोवाट क्षमताको अगुवाखोला, वडा नं ४ हुवासमा रहेको १२ किलोवाट क्षमताको गेडीखोला, वडा नं. ७ भोर्लेमा रहेको १६ किलोवाट क्षमताको धुँवाकोट, फलेवास नगरपालिका वडा नं ११ पाङराङको साढे सात किलोवाट क्षमताको गढिसिद्ध र ११ किलोवाटको बाच्छाखोला, मोदी गाउँपालिका वडा नं ४ क्याङमा सञ्चालित १६ किलोवाट क्षमताको घट्टेखोला लघुजलविद्युत आयोजना पूर्ण रूपमा बन्द रहेका छन् ।

त्यस्तै विहादी गाउँपालिका-१ बाच्छाखोलामा रहेका १९ र २१ किलोवाटको बाच्छाखोला लघुजलविद्युत् आयोजनामा पनि उत्पादन गर्न छाडेका छन् । मोदी गाउँपालिका-१ भुकताङ्गलेमा रहेको २७ किलोवाट क्षमताको ठाडोखोला लघुजलविद्युत् आयोजना पनि सात वर्षअघि आएको पहिरोले पुरिएपछि अलपत्र छ । उता महाशिला गाउँपालिका-२ भोक्सिडमा छ किलोवाट क्षमताको छहरेखोला र नौ किलोवाट क्षमताको छहरेखोला लघुजलविद्युत् आयोजना पनि पाँच वर्षअघि गाउँमा केन्द्रीय प्रसारण लाइन विस्तार भएपछि त्यत्तिकै थन्किएका छन् । मर्मतको अभाव र थोरै क्षमता हुने भएपछि स्थानीयले मर्मतमा पनि बेवास्ता गरेका हुन् । तत्कालीन जिल्ला विकास समिति ऊर्जा शाखाका प्रमुख मञ्जु शिलाकारका अनुसार मर्मतका लागि बजेट अभाव भएको र मर्मत गरेपछि पनि लामो समयसम्म काम गर्न छाडेपछि स्थानीयले मर्मतमा बेवास्ता गरेका हुन् । शिलाकारले गाउँमा उत्पादन गरिएको बिजुली सस्तो भए पनि केन्द्रीय लाइन आएपछि उपभोक्ताबाटै यसप्रति बेवास्ता हुँदै गएको बताउनुभयो । पछिल्लो समय स्थानीय तहहरूले पनि उक्त लघुविद्युत् मर्मतका लागि बजेट विनियोजन गरेका छैनन् । स्थानीयवासीको सक्रियता कम हुँदा केन्द्रीय लाइनसँगै गाउँमा सञ्चालित आयोजना बन्द हुँदै गएको बाच्छाखोला भीमबहादुर खड्काले बताउनुभयो । जिल्लाका ११ लघुजलविद्युत् आयोजनाबाट एक सय ५६ दशमलव पाँच किलोवाट विद्युत् उत्पादन भएको थियो । त्यसबाट एक हजार चार सय तीन घरका नौ हजार बासिन्दा लाभान्वित भएका थिए । "पच्चीस वाट क्षमताको बल्ब महिनाभर चलाएको रु २५ तिरे पुग्थ्यो", तत्कालीन ऊर्जा अधिकृत शिलाकारले भन्नुभयो, "केन्द्रीय लाइनभन्दा लघुजलविद्युत्बाट उत्पादित बिजुली सस्तो भए पनि ग्रामीण बासिन्दाले यसलाई बेवास्ता गर्न थालेका छन् ।" युएनडिपी, विश्व बैंक र नेपाल सरकारको लगानीमा २०५५ सालदेखि सञ्चालनमा रहेका यी आयोजना अहिले भग्नावशेष बनेका छन् । एघारवटा आयोजनाका लागि रु दुई करोड २५ लाख खर्चिए पनि केन्द्रीय प्रसारणको विस्तार, स्थानीय तह र उपभोक्ताको बेवास्ता तथा मर्मत अभावले प्रयोगविहीन बनेका हुन् ।

# जमिन भासिएपछि पर्वत अस्पतालको निर्माणाधीन भवन अलपत्र

पोखरापत्र संवाददाता
पर्वत, ३१ भदौ

जिल्ला अस्पतालको निर्माणाधीन भवनमुनिको जमिन भासिएपछि विगत चार वर्षदेखि निर्माण अलपत्र छ ।

नयाँ भौतिक संरचना निर्माण गरेर १५ शय्या क्षमताबाट ५० शय्यामा रूपान्तरण गर्ने लक्ष्यका साथ काम चलिरहेका बेला जमिन भासिएको हो । सहरी विकास कार्यालयले भवनका लागि रु २८ करोड विनियोजन गरेर काम थालेको थियो । अस्पतालमा बन्ने भवनलाई ब्लक 'ए', 'बी', 'सी', 'डी' र 'इ' गरेर काम अगाडि बढेकामा जमिन भासिएपछि 'इ' ब्लकको काम पनि अधुरै छ । कालीगण्डकी नदी किनारमा रहेको भिर नजिकतर्फ रहेको 'इ' ब्लक निर्माणको काम चलिरहेका बेलामा जमिन भासिएपछि पछिल्ला चार वर्षदेखि काम अघि बढ्न नसकेको पर्वत अस्पतालले जनाएको छ । भवनको निर्माण चलिरहेको बेलामा भुइँतलाको भागमा 'बीम' रहेको ठाउँ बाहेकको जमिन भासिँदै गएपछि भवनको काम अघि बढ्न नसकेको अस्पताल विकास समितिका अध्यक्ष शङ्कर गिरीले बताउनुभयो । विसं २०७७ असारदेखि भासिन सुरु गरेको भवनको 'बीम'हरू राखेर बाँकी रहेको ठाउँमा अन्तिम केन्द्र यकिन नै गर्न नसकिने गरी भासिएपछि काम पूर्ण रूपमा ठप्प छ । यस वर्ष अरु दुई ठाउँमा जमिन भासिएको छ । भूगर्भविद्हरूले जमिन भासिनुको कारण र समाधानका उपायसहितको अध्ययन प्रतिवेदन अस्पताललाई बुझाउने भनिए पनि हालसम्म त्यो प्रतिवेदन प्राप्त नहुँदा भवनको काम अगाडि नबढेको अध्यक्ष गिरीले बताउनुभयो । चार वर्ष अगाडि निर्माणाधीन भवन भासियो, त्यसपछि कोभिडको महामारी सुरु भएकाले काम अगाडि बढ्न नसकेको उहाँले बताउनुभयो ।